निर्णय उतार

नेपाल पुनर्बीमा कम्पनी लिमिटेड

Nepal Reinsurance Company Limited

सञ्चालक समिति

संचालक समिति

बैठक नं. ५१५ **मिति: २०८१ साल वैशाख ३ गते सोमवार**

निर्णय नं. २

विषयः आ.व.२०७९/८० को लाभांश घोषणा गर्ने सम्बन्धमा।

सञ्चालक समितिको निर्णयः

(क) आ.व. २०७९/८० को Nepal Financial Reporting Standard (NFRS) मा आधारित वित्तीय विवरण अनुसार वितरणयोग्य मुनाफा रू. ६७,२६,६०,३८०/-(अक्षरेपी सठ्सठ्ठी करोड छब्बीस लाख साठी हजार तीन सय असी मात्र) मध्ये चुक्ता पूँजी रू. १२,८१,३५,४३,७५०/- (बाह्र अर्ब एकासी करोड पैतीस लाख त्रिचालीस हजार सात सय पचास मात्र) को ४.७५% (चार दशमलव सात पाँच प्रतिशत) ले हुने रू.६०,८६,४३,३२८/- (अक्षरेपी साठी करोड छयासी लाख त्रिचालीस हजार तीन सय अठ्ठाईस मात्र) बोनश शेयर र ०.२५% (शुन्य दशमलव दुई पाँच प्रतिशत) ले हुने रू. ३,२०,३३,८५९/- (अक्षरेपी तीन करोड बीस लाख तेत्तीस हजार आठ सय उन्साठी मात्र) नगद लाभांश (कर प्रयोजनार्थ) वितरण गर्न स्वीकृतिका लागि कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष अनुरोध गर्ने । उक्त प्रस्ताव नेपाल सरकार, अर्थ मन्त्रालय र नियामक निकाय नेपाल बीमा प्राधिकरणबाट स्वीकृत प्राप्त भई साधारण सभावाट पारित भए पश्चात वितरण गर्ने निर्णय गरियो।

(ख) आ.व. २०७९/८० को Nepal Financial Reporting Standard (NFRS) मा आधारित वित्तीय विवरण अन्तर्गत २०८० असार मसान्तसम्मको संलग्न वासलात, नाफा नोक्सान हिसाब विवरण, नगद प्रवाहको विवरण, एकीकृत आय व्यय हिसाब विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरू तथा अनुसूचीहरू स्वीकृतिको लागि नेपाल बीमा प्राधिकरण पठाउने।

(ग) उपरोक्त निर्णय सम्बन्धित सम्पूर्ण निकायहरूमा यथाशीघ्र पठाउन तथा आवश्यक स्वीकृति लिन कम्पनी सचिव तथा व्यवस्थापनलाई निर्देशन दिने निर्णय गरियो।

प्रमाणित गर्ने

Ishwar

(इश्वर प्रधान)

कम्पनी सचिव